ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

# बसाइँ उपन्यासमा लोकविश्वास

**गङ्गाप्रसाद भेटवाल**
**अनुसन्धाता**
bhetwalganga6@gmail.com

*अध्ययनसार*

*प्रस्तुत लेख नेपाली यथार्थवादी सामाजिक बसाइँमा उपन्यास प्रयोग भएका लोकविश्वासहरू पहिचान गरेर तिनीहरूको आधारमा उपन्यासको विश्लेषण गरिएको छ। बसाइँ (२०१४) उपन्यास लीलबहादुर क्षेत्रीद्वारा लिखित नेपाली भाषाको उपन्यास हो । नेपाली उपन्यासको चरण विभाजनमा यो उपन्यासलाई आधुनिक यथार्थवादी उपन्यास मानिएको पाइन्छ । प्रस्तुत उपन्यासको विश्लेषण समालोचना सिद्धान्तका विभिन्न कोणबाट गर्न सकिन्छ । बसाइँ उपन्यासमा लोकविश्वासको अध्ययन शीर्षकको प्रस्तुत आलेख बसाइँ उपन्यास भित्र प्रयोग भएको लोकविश्वासको पहिचान र विश्लेषणमा केन्द्रित रहेको छ । लोकविश्वास भनेको लोकले गरेको पत्यार हो । लोकविश्वासका प्रकार धेरै भएपनि विश्लेषणका लागि ढाँचा निर्माण गर्दा धार्मिक लोकविश्वास र सांस्कृतिक लोकविश्वासलाई आधार मानिएको छ। बसाइँ उपन्यासमा प्रयुक्त समग्र लोकविश्वासको अध्ययन-पहिचान गरी ढाँचामा आधारित रहेर विश्लेषण गरिएको छ । लोकविश्वासले उपन्यासमा आएका पात्रमा कतै आशा कतै निराशा दिएका छन् । घटना, पात्र र परिवेशमा लोकविश्वासको प्रयोग भएको छ । बसाइँ उपन्यासमा भाषिक शील्पको रूपमा लोकविश्वासको प्रयोग भएकोले आधुनिक नेपाली उपनयासमा लोकविश्वासको प्रयोग हुन्छ र यसलाई उपन्यासको आन्तरिक गहना मान्न सकिने अध्ययनबाट पुष्टि भएको पाइन्छ ।*

**मुख्य शब्दावली** ः लोकविश्वास, भाषिक शील्प, धार्मिक, सांस्कृतिक, दर्शौं ।

## विषयपरिचय

उपन्यास लीलबहादुर क्षेत्रीको बसाइँ (२०१४) सामाजिक यथार्थवादी उपन्यास हो । नेपाली उपन्यासको चरण विभाजनमा यो उपन्यासलाई आधुनिक यथार्थवादी उपन्यास मानिएको छ । प्रस्तुत उपन्यासको विश्लेषण समालोचना सिद्धान्तका विभिन्न कोणबाट गर्न सकिन्छ। यो लेखमा नेपाली उपन्यास *बसाइँ*मा प्रयोग भएका लोकविश्वासहरू पहिचान गरेर.तिनीहरूको आधारमा उपन्यासको विश्लेषण गरिएको छ। लोकविश्वास भनेको लोकले मानिआएका धर्म, परम्परा, रितिरिवाज आदिसँग सम्बन्धित पत्यार हुन् । लोकले गर्ने पत्यारका कुराहरू लामो समयसम्म मानिसले व्यावहारिक जीवनमा प्रयोग गरेर एउटा मान्यता विकास गरेपछि लोकविश्वासले मूर्त रूप लिएको हुन्छ । लोकविश्वास बिज्ञानमा आधारित नभएर लोकको चलनमा आधारित हुन्छ। लोक भन्नु नै एउटा पूर्ण समाज हो । यहाँ जन्मदेखि मृत्युसम्मका सबै मानवीय क्रियाकलापहरू सम्पन्न हुन्छन् । मानिसका जन्मदेखि मृत्युसम्मका विभिन्न सांस्कारिक कर्महरू कुनै न कुनै चलन वा परम्परामा आधारित रहेर निर्माण गरिएका हुन्छन् । जीवन भोगाइ कै क्रममा यी चलन वा परम्पराले एउटा खास विधि वा पद्धति निर्माण गरेर समाजलाई एकीकृत गरेको हुन्छन् । मानिसका जीवनमा घट्ने एकै किसिमका कर्महरूप्रति गरिने विधि, चलन वा परम्परा फरक-फरक लोकमा फरक-फरक तरिकाले अपनाइएको हुन्छ । लोकविश्वासको निर्माण हुनुमा परिस्थिति, भूगोल, हावापानी, मानिसको जात आदिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । लोकविश्वासको विकास र प्रयोग विज्ञानमा आधारित तथ्यपरक नभएर मानिसको जीवन भोगाइ र अनुभूतिसँग सम्बन्धित भएको हुन्छ । लोकविश्वास एक किसिमले भन्नुपर्दा अन्धविश्वासको जगमा सबै समाजले विश्वास गरेर हुर्किँदै-बढ्दै गएको हुन्छ । यसरी निर्माण भएका लोकविश्वासहरू सुरुमा कसैले केही उद्देश्यले प्रयोग गरेको हुन सक्छ । त्यसलाई अरू मानिसहरूले अनुसरण गर्दै गएर समाजमा तो स्थापित हुन्छ र समाजले विश्वास गर्नुपर्ने अवस्था हुन्छ । लोकले गर्ने विश्वासहरूमा धर्मकर्मप्रतिको विश्वास, भगवानूप्रतिको विश्वास, तन्त्र-मन्त्र र टुना-मुनापतिको विश्वास, दानव-राक्षसप्रतिको विश्वास, यात्रासँग सम्बन्धित विश्वास, उपचारसँग सम्बन्धित विश्वास, जीवन कर्मसँग सम्बन्धित विश्वास, ज्योतिष र

भविष्यवाणीसँग सम्बन्धित लोकविश्वास आदि रहेका हुन्छन् । लोक भनेको कुनै निश्चित समाज हो । कुनै निश्चित समाजको अध्ययन गर्ने सन्दर्भमा *बसाइँ* उपन्यासमा आएको समाजको लोकविश्वासको अवस्थाको अध्ययन यहाँ गरिएको छ ।

## लोकविश्वास अध्ययनको आधार

लोकविश्वास लोकमा बस्ने मानिसहरूको विश्वास हो । ठाउँ, हावापानी अनि मानिसअनुसार लोकविश्वासहरू फरकफरक हुन्छन् । लोकविश्वासको प्रभाव संसार भर रहेको हुन्छ । अन्धविश्वासको जगमा विकसित भएको लोकविश्वास सकारात्मक र नकारात्मक दुवै प्रकारका रहेका हुन्छन् । हंसपुरे सुवेदीले *नेपाली लोकजीवन : लोकविश्वास* शीर्षकको कृतिमा लोकविश्वासको परिभाषा यसरी गरेका छन्-लोकविश्वास आफ्नो समाजमा परम्परादेखि पत्यार गर्दै मानिँदै आइएको चालचलन रीतिरिवाज वा कामकुरो आदिप्रति हुने दृढ आस्था एवं पत्यार हो (सुवेदी, २०५५, पृ. १९) । अङ्ग्रेजीमा भनिएको फोल्क विलिभ नै नेपालीमा लोकविश्वास हो । लोकविश्वासले मानवीय जीवन सञ्चालन गर्ने क्रममा शुभ-अशुभ, शकुन-अपशकुन, लागो-भागो धर्म-कर्मजस्ता विषयलाई आत्मसात् गरेको हुन्छ । कृष्णदेव उपाध्यायका अनुसार भ्रमपूर्ण ज्ञान र विवेकहीन क्रियाका कारणले गर्दा मानव जीवनमा लोकविश्वासको आधारशीला तयार भयो । यस विषयमा लोकसाहित्यका साधक सुमनेरको कथन छ- लोकविश्वासको निर्माण अकस्मात मिथ्याज्ञानमा आश्रित असङ्गत तथा विवेकहीन क्रियाका कारण भएको हो (उपाध्याय, सन् १९९१, पृ.४) । मानवको सृष्टिसँगै लोकविश्वास जोडिदै र त्यसको अध्ययन पनि हुँदै आएको छ । वेदमा प्रयुक्त शकुनका विभिन्न अवस्थाहरू त्यस्तै रामायण, महाभारत पुराण, बाइबलमा शकुन र अपशकुनसँग सम्बन्धित लोकविश्वास प्रयोग भएको छ (पौड्याल, २०७८, पृ.१८-२२) । नेपाली बृहत् शब्दकोशमा शकुन शब्दको अर्थ यसरी गरिएको छ- कुनै कामको थालनीमा झल्कने वा देखिने शुभ वा अशुभ लक्षण, कुनै माङ्गलिक कार्यका निम्तिको साहित, मुहूर्त साइत (उप्रेती समेत, २०७५ पृ. ११८२) । लोकविश्वासको प्रारम्भका सम्बन्धमा षडानन्द पौडेलको धारणा यस्तो छ- समस्त ब्रह्माण्डमा जीवन बिताउने हरेक प्राणीले असल-खराब, शुभ-अशुभजस्ता विषयलाई प्राकृतिक दृष्टिले ज्ञान गर्दछ । जन्मजात रूपमा साथमा लिएर आएको बुद्धितत्त्वबाट हरेक घटनाहरूलाई पारख गर्छ । प्रकृतिमा हुने परिवर्तनको यथार्थ ज्ञान गरी हरेक प्राणीले बासस्थान, खानपान र सुरक्षित हुने स्थानको चयन गर्न रुचाउँछ । आफ्नो जीवनमा आइलाग्ने शुभ र अशुभ क्षण पहिचान गर्न प्राणीमा विद्यमान रहेको ज्ञान प्रभावकारी बन्छ । आगो, पानी, तातो, चिसो, हुरी आदि प्राकृतिक प्रकोपबाट जोगिन प्राणीले तयार गरेका अनेक किसिमका विश्वास हुन्छन् । आकाश गर्ज्यो भने हुटिट्याउँले बालुवामा मुन्टो लुकाउने, चिसो लाग्यो भने मलेवा चराहरू गर्मी ठाउँमा जाने, भूकम्पको समयमा जमीनभित्र बस्ने प्राणीहरू बाहिर निस्कने आदि हुन्छ । हरेक प्राणीले भयबाट मुक्त हुन मनमा एक प्रकारको विश्वास जागृत गराएको हुन्छ । जीवनमा असल र खराब हुने क्षणलाई मनले ठम्याउन थालेको समयदेखि लोकविश्वासको प्रारम्भ भएको हो (पौड्याल, २०७६क, पृ. ११) । यसरी विभिन्न विद्वानूहरूको परिभाषाबाट पुष्टि हुन्छ कि लोकविश्वास लोकमा निर्माण भई लोकमै विकसित भएको वैज्ञानिक परीक्षण हुन नपाएको विश्वास हो ।

लोकविश्वासको प्रभाव लोकसाहित्यमा ज्यादापरेको हुनु स्वभाविक हुन्छ त्यस्तै आधुनिक साहित्यमा पनि लोकविश्वासको प्रभाव रहेको हुन्छ । यस अध्ययन कार्यमा नेपाली साहित्यको *बसाइँ* उपन्यासमा लोकविश्वासको अवस्था के छ भन्ने कुराको पहिचान गरी विश्लेषण गरिएको छ । लोकविश्वासको दृष्टिकोणबाट कृतिको विश्लेषण गर्ने आधारहरू पनि धेरै प्रकारका रहेका हुन्छन् । दुर्गाबहादुर घर्तीले लोकसाहित्यको अध्ययन पद्धतिमा लोकविश्वासको तीन आधारबाट विश्लेषण गर्न सकिने विधि प्रस्तुत गरेका छन् । उनका अनुसार लोकविश्वासको प्रकारगत अध्ययन, लोकविश्वासको प्रयोगगत अध्ययन र लोकविश्वासको प्रयोजनपरक अध्ययन नै तीन आधार हुन् (घर्ती, २०८१, पृ ४१-४२) । लोकविश्वासको प्रकारगत अध्ययन गर्दा विभिन्न प्रकारमा समेटेर कृति भित्र प्रयोग गरिएका लोकविश्वासको अध्ययन गर्न सकिन्छ । सकारात्मक नकारात्मक लोकविश्वास, शकुन-अपशकुनसम्बन्धी लोकविश्वास, धार्मिक सांस्कृतिक लोकविश्वास, लौकिक र अलौकिक लोकविश्वास आदि प्रकारगत आधारबाट कुनै पनि कृतिभित्र प्रयोग गरिएका लोकविश्वासको अध्ययन विश्लेषण गर्न सकिने भए तापनि यस अध्ययन कार्यमा *बसाइँ* उपन्यासमा प्रयोग गरिएका

धार्मिक र सांस्कृतिक लोकविश्वासको पहिचान गरी अध्ययन विश्लेषण गरिएको छ। *बसाइँ* उपन्यासमा लोकविश्वासको अध्ययन विश्लेषण गर्न तयार गरिएको उपकरणात्मक अवधारणा यसप्रकार छः

*बसाइँ* उपन्यासमा लोकविश्वासको प्रकारगत अध्ययन- (१) धार्मिक लोकविश्वास,
(२) सांस्कृतिक लोकविश्वास.।

*बसाइँ* उपन्यासमा लोकविश्वासको अध्ययन गर्न दुइटा आधारहरू : धार्मिक लोकविश्वास र सांस्कृतिक लोकविश्वास प्रस्तुत गरिएका छन् । सिधै देवीदेवता र धर्मका विषयमा लोकले पत्यार गरेका कुरालाई धार्मिक लोकविश्वासअन्तर्गत अध्ययन विश्लेषण गरिएको छ भने समाजमा विधिविधान चलाउन, मनोरञ्जन प्राप्त गर्न, आफ्नो संस्कारसंस्कृति मान्न, चाडबाड मनाउन गरिएका पत्यारलाई सांस्कृतिक लोकविश्वासअन्तर्गत राखेर अध्ययन विश्लेषण गरिएको छ।

**बसाइँ उपन्यासमा लोकविश्वासको अध्ययन विश्लेषण**

*बसाइँ* उपन्यासमा प्रयोग भएका लोकविश्वासहरूलाई दुई प्रकारबाट पहिचान गरी सङ्कलन गरिएको छ। पहिलोमा धार्मिक लोकविश्वास पहिचान गरी विश्लेषण गरिएको छ भने दोस्रोमा सांस्कृतिक लोकविश्वास पहिचान गरी विश्लेषण गरिएको छ। विश्लेषण गर्न सामग्रीको सङ्कलन प्राथमिक स्रोत र द्वितीयक स्रोतबाट गरिएको छ। बसाइँ उपन्यासलाई प्राथमिक स्रोत मानिएको र अन्य सबै स्रोतलाई द्वितीयक स्रोत मानिएको छ। तिनै स्रोत र विश्लेषण उपकरणका आधारमा रही उपशीर्षकअन्तर्गत समेटेर लोकविश्वासको अध्ययन विश्लेषण गरिएको छ। विश्लेषण गर्नलाई धार्मिक लोकविश्वास र सांस्कृतिक लोकविश्वासका तीन-तीन उदाहरण प्रस्तुत गरी विश्लोषण गरिएको छ :

**बसाइँ उपन्यासमा धार्मिक लोकविश्वास**

यस उपशीर्षकमा *बसाइँ* उपन्यासमा प्रयोग गरिएका देवदेवीसँग सम्बन्धित र धर्मसँग सम्बन्धित लोकविश्वासको पहिचान गरी विश्लेषण गरिएको छ। लोकविश्वासको विश्लेषण गर्दा *बसाइँ* उपन्यासबाट उपर्युक्त सन्दर्भहरू प्रस्तुत गरी समीक्षा गरिएको छ। हरेक उदाहरणको समीक्षा पछि निष्कर्ष प्रस्तुत गरिएको छ। *बसाइँ* उपन्यासमा धार्मिक लोकविश्वास यसप्रकार छन् :

> मैनाको कुराले धनेको हर्षको सीमाना रहेन । ऊ गद्गद् भयो । धनको कङ्गाल भएता पनि विधिले उसलाई कस्तो अमूल्य रत्न दिएको छ। 'कठैबरा !' भन्ने कोही भएर धनको कुवेर हुनु भन्दा मैनाजस्तै जीवन सहचरी पाएर भिखारी बन्नु अनेक गुना राम्रो । हृदयको हर्षोल्लास दवाउन नसकेर धनेले भन्यो, दैवलीला पनि कस्तो बुझेर बुझिनसक्नु, धनकर्लि भए पनि राजा-महाराजाले नपाउने स्वास्नी भगवान्‌ले मलाई दिएका छन्। तँजस्ती जोई पाउने गरिब भए पनि म भाग्यमानी हुँ (पृ.२४)।

प्रस्तुत उदाहरणमा धने र मैनाको संवाद आएको छ। यो संवादभित्र सन्तुष्टि छ। आर्थिक अवस्थाले धने गरिब छ। गरिबीले उनीहरूको परिवारलाई गाँजेको छ र जीवन चलाउन धौधौ परेको छ तर उनीहरूको संवादमा आत्मीयता र माया छ। उनीहरूलाई साहुहरूले पनि अनेक दुःख दिएका छन्। धनको कारणले उत्पन्न पीडाका जतिसुकै कष्टकर भए पनि धने प्रसन्न हुनुको कारण उसकी स्वास्नी मैना हो । मैनाले धनेको हरेक सुख, दुःखमा साथ दिएकी छे। उनीहरू एकआपसमा विश्वस्त र परिपूर्ण छन्। धनेले मैनालाई पाएर सन्तुष्ट बनेको छ। यस्तो सन्तुष्टि धनका कुवेरले पनि नपाउने अनुमान उनीहरूले गरेको देखिन्छ। यसरी उसले मैनाजस्ती स्वास्नी पाउनुमा दैव अर्थात् भगवान्‌को हात रहेको स्वास्नी मैनालाई बताएको छ। यो अवस्थालाई उसले भगवान्‌ले दिलाएको भनेर आत्मसात् गरेको छ। भगवान् हुन्छन् र दुःखमा पनि मानिसको कल्याण गर्छन् भन्ने विश्वास राखेर स्वास्नी मैनासँग खुसी बाँडेको छ। ईश्वरले चाहे सुखलाई दुःखमा र दुःखलाई सुखमा बदल्न सक्ने कुरामा धनेको विश्वास देखिन्छ। उसले प्रकट गरेको दैव अर्थात् भगवान्‌प्रतिको विश्वास नै धार्मिक लोकविश्वास हो।

यहाँ प्रयोग गरिएको धार्मिक लोविश्वासले पात्र धनेको मनमा शान्ति दिलाएको छ। धनेको खुसीको कारक बन्न पाएकोमा मैनामा पनि उत्तिकै खुसी थपेको छ। यो लोकविश्वासअनुसार उपन्यासको कथानक अगाडि बढ्दा पाठकको मनमासमेत आनन्दानुभूति प्रवाह भएको पाइन्छ।

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

> साने गएको केहीछिनपछि धनेको क्रोध र उत्तेजना सबै शिथिल भए औ त्यको स्थान भय र त्रासले ओगट्यो । साहुको गाभिनी भैसी केही किसिमले तलमाथि भयो भने गाउँबाट बास मेटिनेछ, अलिखेरमा साहुका कानमा सबै कुरा पुग्ने हो, अनि कति युक्तिले पाएको यो खेत पनि खोसिने छ। हे ईश्वर 'मेरो कुन गत हुने हो नि अब' भविष्यमा हुने अनिष्टको सम्झना गरेर धने तल ओर्लियो । ऊ थरथर काप्दै भैंसीको छेउमा गयो औ उसलाई उठाउने चेष्टा गरिहेऱ्यो । तर भैसीलाई साह्रो चोट लागेको थियो । ऊ एक्लैको केही चलेन। दुःख र भयले हतास, ऊ कटेरातिर लाग्यो। मनमनमा ईश्वरसित बारम्बार यही पुकार गर्दै जान्थ्यो, 'हे ईश्वर भगवान्' भैसीलाई केही नहोइदियोस्, यस सङ्कटबाट पार तर प्रभो । अनजानले बिगारिहाल्यो, माफ देऊ ' (पृ.३५) ।

धने गरिब भएपनि परिश्रमी छ। उसले आफ्नो परिवार पाल्न अर्काको जग्गामा पैसा वा बाली तिरेर खेती गर्नुपरेको छ। यसरी खेतीपाती गर्दा पनि साहुबाट पटकपटक सताइनु पर्ने अवस्था उपन्यासको कथानकमा आएको छ। ती घटनाका माध्ययमबाट उपन्यासमा आएका छन् । साहुको भैंसी धनेको बारीमा बाली खाना लागेको बेला उसले देख्छ । आफूले धेरै दुःख गरेर लगाएको बाली साहुको भैंसीले खाएको देख्दा उसलाई अति रिस उठछ। रिसको बेलामा गाभिनी भैंसीलाई बेस्कन कुट्छ । उसको कुटाइबाट साहुको भैंसी थला पर्छ । उसले भैंसी कुटेर थला परेपछि उसको रिस शान्त हुन्छ । त्यसपछि उसमा भय र त्रास उत्पन्न हुन्छ। भैसी मर्छ कि बाँच्छ भन्ने कुराले त्रसित हुन्छ। साहुको भैंसी मऱ्यो भने त्यसपछि हुनसक्ने घटनाले उसका मनमा भय र त्रास उत्पन्न भएको हुन्छ। भैंसी मरेको अवस्थामा दण्ड धेरै तिर्नु पर्ने र उसको बास गाउँबाट उठन सक्ने अनुमान गर्छ। यस्तो अवस्थामा भगवानले सहारा दिन सक्छन् भनेर ईश्वरको पुकारा गर्छ र अन्जानमा भएको गल्तीको लागि माफ माग्छ। धनेको मनमा भगवान् हुन्छन् र मानिस सङ्कटमा परेको बेला उद्दार गर्न सक्छन् भन्ने धार्मिक आस्थासहितको लोकविश्वास रहेको देखिन्छ । त्यही विश्वासका आधारमा उसले ईश्वरको पुकार गरेको पाइन्छ।

प्रस्तुत उद्धरणले *बसाइँ* उपन्यासमा व्यक्त समाजमा ईश्वरप्रति आस्था राख्ने मान्छे छन् भन्ने पुष्टि हुन्छ। धार्मिक लोकविश्वासले उपन्यासको कथानकलाई मिहिन ढङ्गले बाँधेर अगाडि बढाएको देखिन्छ । लोकको आस्था *बसाइँ* उपन्यासमा प्रतिबिम्बित भएको पाइन्छ।

> भगवान् सर्वव्यापी छन् भन्ने कुरामा तेत्तिकै सत्यता छ जति सूर्यको अस्तित्व हुनुमा छ। मानिसको प्रत्येक गतिविधिमा ईश्वरको दृष्टि रहन्छ। जब अन्याय र अत्याचारले सीमा पार गर्छ र साँचो सहायताको आवश्यकता भुक्तभोगीहरूलाई हुन्छ तब कुनै न कुनै रूपमा ईश्वरको सहायता अवश्य पुग्छ । त्यो संयोगै थियो, मात्र सयोग। तर त्यसप्रकारको संयोग मिलाउनमा कसको हात थियो ? अवश्य नै उही अदृश्य शक्तिको (पृ.५२-५३) ।

माथि प्रस्तुत भएको *बसाइँ* उपन्यासको अंशमा झुमा रिकुटेको कारणले गर्भवती भएपछि रागेभीरमा गएर हाम् फाल्न लागेकी थिई। त्यही बेला उसलाई बचाउन मोटे कार्की त्यहाँ आइपुगेको सन्दर्भलाई पृष्ठभूमिमा राखेर यो अंशलाई उल्लेख गरिएको हो। संसारमा जहाँजहाँ अप्ठ्यारो पर्छ त्यहाँत्यहाँ भगवान उद्धार गर्न आउँछन् भन्ने विश्वास व्याप्त छ। यो लोकको विश्वासको रूपमा गढेर रहेको छ । त्यही विश्वासलाई देखाउन मोटे कार्की ईश्वरको अंश बनेर झुमाको जीवनमा उदाएको छ। मोटे कार्की त्यहाँ नपुगेको भए झुमाको मृत्यु हुने थियो। मोटे कार्कीलाई त्यही दिन त्यही समयमा त्यहाँ पठाउन ईश्वरले भूमिका खेलेको छ भन्ने विश्वास पाठकका मनमा परेको देखिन्छ। नत्र त किन कार्की झुमाको उद्धार गर्न पुग्थ्यो त भन्ने प्रश्नसमेत खडा हुने देखिन्छ।

यसरी झुमाको जीवन लगभग समाप्त हुने अवस्थामा मोटे कार्कीको माध्यम बनाएर ईश्वरले उनको रक्षा गरेका हुन् भन्ने कुरा उपन्यासमा व्यक्त भएबाट *बसाइँ* उपन्यासमा धार्मिक लोकविश्वासको प्रयोग भएको देखिन्छ। धार्मिक आस्थाको कारणले ईश्वरप्रतिको लोकविश्वास आम मानिसहरूमा पलाउने गर्छ । उक्त कुराको पुष्टि माथि उल्लेखित उदाहरणबाट भएको देखिन्छ।

**बसाइँ उपन्यासमा सांस्कृतिक लोकविश्वास**

यस उपशीर्षकअन्तर्गत *बसाइँ* उपन्यासमा प्रयोग भएका सांस्कृतिक लोकविश्वासको पहिचान गरी विश्लेषण गरिएको छ । सांस्कृतिक लोकविश्वासअन्तर्गत संस्कार-संस्कृति, चाडबाड, परम्परा, रीतिरिवाज, सामाजिक व्यवहार आदिलाई राखिएको छ । यहाँ उपन्यासबाटै सान्दर्भिक उदाहरणहरू प्रस्तुत गरी सांस्कृतिक लोकविश्वासको विश्लेषण गरिएको छ :

> रिकुटेले सँगिनी सुनेको थियो उसको बाल्यावस्थामा, जब ऊ मुगलान लागेको थिएन । मुगलानमा उसलाई सगिनी सुन्ने अवकाश कहिँ पनि परेन । आज कति वर्षपछि उसले आफ्नो ग्रामीण गीतसित फेरि परिचय गरिरहेछ । उसका कान सँगिनी सुन्नमा तल्लीन छन् । हृदयमा प्रचण्ड आँधि चलिरहेछ । हृदयले भन्छ ‘उठूँ, जाऊँ यो स्वरको लहरी पैल्याउँदै अनि मूल फेला पारेपछि त्यसैको चरणमा आफूलाई पूर्णरूपले सुम्पिदिऊँ’ उसको हृदय उडिरहेछ कहिले कहाँ कहिले कहाँ सँगिनीको लहर सितै (पृ. ११) ।

माथि प्रस्तुत भएको अंशमा संगिनी एउटा गीतको रूपमा आएको देखिन्छ तर यो सँगिनी गाउने प्रचलन धेरै अगाडिदेखि नेपाली समाजमा रहेको पाइन्छ । यसलाई दुःख-पीडा हटाउन र माया-प्रीति गाँस्नलाई लोकले संस्कृतिको रूपमा अपनाएको देखिन्छ। सँगिनीलाई लोकमा मनोरञ्जन प्रदान गर्ने उद्देश्यले पनि अवलम्बन गरेको देखिन्छ। संस्कृतिको रूपमा अपनाइएको र मनोरञ्जनका लागि गाइने सँगिनी गीत रिकुटले नसुनेको धेरै भएको थियो । ऊ नेपाली समाजको लाहुर जाने प्रवृत्ति प्रस्तुत गर्ने पात्र हो । जब उसले धनेको घरमा बसेको बेला राति सँगिनी गाएको सुन्छ, ऊ खुसीले रोमाञ्चित बन्छ र उसभित्र अङ्कुरित भएको प्रेम-वासनालाई प्रकट गर्न त्यो सँगिनी गाएको ठाउँमा जाने प्रबल प्रयत्न गर्छ । उता जाँतो घुमाइरहेको ठाउँमा सँगिनी गाइरहेका झुमा र मैनामा पनि आनन्द प्रवाहित भइरहेको देखिन्छ । सँगिनी गाउने र सुन्ने दुवैमा आनन्दको प्रभाव भएको तर एक अर्कोमा थाहा भएको भने देखिएको छैन ।

यसरी नेपाली समाजमा मनोरञ्जनका लागि सँगिनी गाउने प्रचलन रहेको र यसले लामो समयदेखि समाजमा स्थान पाएको देखिन्छ। यो चलन लामो समयसमा प्रचलित भएपछि सँगिनी संस्कारको रूपमा परिणत भएको छ। सँगिनी गाउँदा र सुन्दा मानिसमा आनन्दको सञ्चार हुन्छ भन्ने कुरा अनुभूति पात्रमा भएको देखिन्छ। माथि प्रस्तुत उदाहरणमार्फत *बसाइँ* उपन्यासमा सांस्कृतिक लोकविश्वास रहेको पुष्टि हुन्छ।

> तीजले नेपाली समाजमा नारीहरूबाट भर्खर बिदा लियो र अहिले दशैँको आगमनको चिह्नस्वरूप सोरसरादले छोएको छ । सबै दशैँ मनाउने चिजबीजको जगेरामा लागेका छन् । गाउँका प्रायः सबको घरमा ‘जयदेवी ! भैरवी !’ को मधुर स्वर सुनिन्छ । गोठमा भेला हुने गोठाला केटाहरू ‘सिलोक’ हाल्नको साटो स्वर मिलाएर ‘मालश्री’ को मधुर राग अलाप्न थालेका छन् । दशैँको आगमनले सबै प्रसन्न देखिन्छन् । हुन पनि किन नदेखिउन ? दैनिक कार्यभारले वर्षभरि थिचिरहेको जीवनमा भारी बिसाएर विश्राम लिने यिनै दुईवटा त दिन हुन् । त्यसबाहेक वर्षौं भेट नभएका इष्टमित्र, कुकुटुम्बसित भेट गरेर हर्षाश्रु बर्साउने मौका यसै चाडले दिलाउँछ (पृ.१२) ।

माथिको उदाहरणमा तीज, सोरसराद, दशैं, सिलोक, मालश्रीका कुरा आएका छन् । नेपाली समाजमा तीज नारीहरूको महान् पर्व एवम् चाड हो । यस पर्वमा विवाहित नारीलाई माइतको सम्झना आउँछ । सधैँभरि घरको कामले थकित भएका नारीहरू माइत गएर विभिन्न तरिकाले मीठामीठा खानेकुरा खाने, राम्रो लुगा लगाउने, माइततर्फका आफन्तहरूसँग रमाउने गर्छन् र यो चाड विवाह नभएका र वृद्ध नारीहरूका बीच पनि उत्तिकै लोकप्रिय पाइन्छ । नारीहरू दुःख हटाउने चाडका रूपमा तीजलाई लिइएको पाइन्छ । तीजलाई नेपालीहरूको सांस्कृतिक चाड मानेर मनाइन्छ । सोरसराद भनेको श्राद्ध कर्म हो हो जुन तिथि दशैँ आउने समय भन्दा केही समय अगाडि आउँछ। सोरसरादलाई पारम्परिक संस्कारगत कर्म मानिन्छ। सिलोक बिहेको समयमा गाइन्छ भने मालश्री दशैं आएपछि गाउँभरि गाइन्छ। तीज, सोरसराद, दशैँ, सिलोक, मालश्री आदि नेपाली समाजले स्वीकार गरी मनाएको देखिन्छ। यी सबैमा लोकले विश्वास गरेर आत्मसात् गरेको हुँदा यिनीहरूप्रतिको विश्वास सांस्कृतिक लोकविश्वास हो।

माथि उदाहणमा आएका तीज, सोरसराद, दशैँ, सिलोक, मालश्री आदि सांस्कृतिक लोकविश्वास हुन्। यिनीहरू चाडबाड तथा प्रचलनसँग सम्बन्धित छन्। यी लोकविश्वास भाषिक शिल्पका रूपमा प्रयोग भएका छन्।

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

> भोलिपल्ट बिहानै उठेर मैनाले धूपदीप सिध्याई, सूर्यलाई जल चढाई । तर हृदयमा प्रसन्नता थिएन, त्यसको स्थानमा अधीरता थियो । धने बिहानै उठेर कहीँ गएको थियो । मैनाले ठूलीलाई बोलाउन पठाई । एकछिनपछि ती दुवै खोल्सा बसेर कुरा गर्दै गरेका देखिए । मैनाले ठूलीलाई झुमाको विषयमा सबैकुरा सुनाउँदै भनी- "नानी हाउ, तिम्री त एउटी मितिनी पनि लिम्बूगाउँमै छिन् नि ? त्यहाँ जाने साइनो छदैछ । त्यो मान्छेको घर पनि त्यहीँ हो रे । छ-छैन, के छ, एकपल्ट पुगेर यो निधो लाएर आउ न है ? त्यस मोराले गर्नसम्म गरिहाल्यो के ।" (पृ ४३) ।

माथि प्रस्तुत गरिएको *बसाइँ* उपन्यासको अंशमा मैनाले धूपदीप बालेका, सूर्यलाई जल चढाएका कुरा आएका छन् । धूप बाल्ने, जल चढाउने सामाजिक व्यवहार हुन् । उपन्यासमा यी व्यवहार दृश्यात्मक रूपमा नआएर कथ्यात्मक रूपमा व्यक्त भएका छन् । झट्ट हेर्दा यी व्यवहार धार्मिक कार्य जस्ता देखिए पनि यिनीहरू सामाजिक चलन मात्र हुन् । धूपदीप बालेमा, सूर्यलाई जल चढाएमा अशुभलाई शुभमा बदल्न सकिन्छ भन्ने लोकविश्वास समाजमा कायम भएको देखिन्छ । मैना झुमाकी भाउजू भएकीले झुमाको खवर राम्रो सुन्न पाइयोस् भनेर धूपदीप बोलेकी र सूर्यलाई जल चढाएकी हो ।

समाजमा अशुभ हटाउनका लागि गरिने केही व्यवहारिक कर्म हुन्छन् । बसाइँ उपन्यासको माथिको अंशमा झुमाको जीवनमा केही अशुभ नहोस् भनी मैनाले धूपदीप बालेको र सूर्यलाई जल चढाएकी हो । यो संस्कृतिमा आधारित सामाजिक लोकविश्वास हो । यहाँ प्रयोग भएको लोकविश्वासले उपन्यासको कथानक अगाडि बढ्दा अब के होला भन्ने जिज्ञासा पलाएको देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत लेखमा *बसाइँ* उपन्यासमा लोकविश्वासको प्रकारगत अध्ययन गरियो । अध्ययनका क्रममा विषयपरिचयअन्तर्गत लोकविश्वासको प्रयोग नेपाली उपन्यासमा भएको कुरा समेटिएको छ । त्यसपछि लोकविश्वासको परिचय र *बसाइँ* उपन्यासमा लोकविश्वास अध्ययनको आधार प्रस्तुत गरिएको छ । *बसाइँ* उपन्यासमा लोकविश्वासको प्रकारगत अध्ययन गरिएको र अध्ययनका लागि धार्मिक लोकविश्वास र सांस्कृतिक लोकविश्वासलाई दुई आधार मानिएको छ । यही आधारमा *बसाइँ* उपन्यासमा प्रयोग गरिएका धार्मिक र सांस्कृतिक लोकविश्वास भएका तीनतीन उदाहरण प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

लोकविश्वास भनेको लोकले गर्ने विश्वास वा पत्यार हो । यस्ता लोकविश्वासप्रति लोकले पत्याउनु पर्ने खास कुनै कारण हुँदैनन् । कसैले शुरु गरेको र समाजले अपनाउँदै जाँदा समाजमा त्यसको अस्तित्व कायम हुन्छ । लोकविश्वास मौखिक लोकपरम्परा धेरै भएपनि नेपाली साहित्यका मौखिक उपन्यासमा पनि यसको प्रभाव देखिन्छ । यस लेखमा *बसाइँ* उपन्यासमा मिहिन ढङ्गले लोकविश्वासको अवस्था अध्ययन गरिएको छ । धार्मिक र सामाजिक लोकविश्वासको प्रशस्तै प्रयोग यस उपन्यासमा भएको छ । लोकविश्वासको प्रयोगले उपन्यासको कथानकमा कौतुहलता थपेको छ । यी लोकविश्वासको पात्र, परिवेश, घटनामा प्रयोग भएको छ । उपन्यासकारले लोकविश्वासको प्रयोग भाषिक शील्पका रूपमा प्रयोग गरेकोले लोकविश्वास आधुनिक उपन्यास लेखन परम्परामा आन्तरिक आभुषण रूपमा प्रयोग भएको प्रमाणित हुन्छ । भगवान्ले खुसी दिने, सङ्कटग्रस्त अवस्था आउन नदिने र आइहालेमा त्यसको समाधान पनि दिने विश्वास *बसाइँ* उपन्यासमार्फत् प्रकट भएको छ । सामाजिक-सांस्कृतिक लोकविश्वास भएका चाडबाड, कर्म, परम्परा समाजमा रहेका तिनीहरूले मान्छेका दुःख-दर्द हटाउन सक्ने कुरा *बसाइँ* उपन्यासमा आएका छन् ।

## सन्दर्भसामग्री सूची

घर्ती, दुर्गाबहादुर (२०८०), 'समकालीन नेपाली उपन्यासमा मनोविश्लेषणका नवीन सन्दर्भ' *प्रज्ञा उपन्यास विमर्श,* अम्बिका अर्याल र जीवन श्रेष्ठ (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

घर्ती, दुर्गाबहादुर (२०८१), *लोकसाहित्यको अध्ययनपद्धति,* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

चालिसे, विजय (२०३९), *डोटेली लोकसंस्कृति र साहित्य,* ललितपुर : साझा प्रकाशन ।

छेत्री, लीलबहादुर (२०१४), *बसाइँ* (अठ्तीसौं संस्क)., ललितपुर : साझा प्रकाशन ।
छेत्री, महेश (सन् २०२५) ले *रामलाल अधिकारीका निबन्धमा पाइने लोकविश्वासका प्रकारगत अध्ययन*मा *लोकविश्वासका प्रकारगत अध्ययन* जर्नल अफ इमर्जिङ टेक्नोलोजिज एण्ड इनोभेटिभ रिसर्च पृ.२८७-२९६ ।
पौड्याल, षडानन्द (२०७८), *नेपाली लोकविश्वास,* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
पौड्याल, षडानन्द (२०७६क), *आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
भेटवाल, गङ्गाप्रसाद (२०८२), *आमाको चन्द्रमा उपन्यासमा लोकविश्वास,* प्राज्ञिक विमर्श, वर्ष ६, अङ्क १४, पृ.५०-५५ ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६८),*लोकसाहित्य परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
सुवेदी, हंसपुरे (२०५५) *नेपाली लोकजीवन : लोकविश्वास,* ललितपुर : साझा प्रकाशन ।
उप्रेती, गङ्गाप्रसादसमेत (२०७५) (सम्पा.) *नेपाली बृहत् शब्दकोश* (दशौँ संस्क.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।